जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक २१७ २०७८ साल चैत १६ गते बुधबार (30 Mar. 2022 Wednesday) मूल्य रु. ५/-

गर्मी मौसममा,

- झाडापखाला, वान्ता, आउँ, जण्डिस, टाईफाइडजस्ता रोगको जोखिम बढि हुन्छ ।
- लामखट्टे, झिंगा, भुसुना आदीबाट रोग सर्न सक्दछ ।

त्यसैले, व्यक्तिगत सरसफाई र जनस्वास्थ्यका मापदण्ड पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : कागज उद्योग र ... ३ पृष्ठमा : महोत्तरीका बहालवाला ... ३ पृष्ठमा :जापानले कम्पनीहरूलाई रुबलमा ...

## सामाजिक सञ्जालको असरबारे अभिमुखिकरण



**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

राजविराज नगरपालिका वडा नं. ५ स्थित पब्लिक बिन्देश्वरी माध्यमिक बिद्यालय राजविराजमा मंगलबार अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) मधेस प्रदेशको आयोजना, नगरस्तरीय मानव अधिकार निगरानी समूहको सहकार्य र पबिमाविको समन्वयमा "सामाजिक सञ्जालले बिद्यार्थीमा पारेको असर र जोगिने उपाय"का बारेमा अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको हो ।

बाल अधिकार चेतना समूहको कार्ययोजना अनुसार भएको अभिमुखिकरण कार्यक्रममा कक्षा ८, ९ र ११ का १ सय ३१ बिद्यार्थीको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रशिक्षक इन्सेक सप्तरी प्रतिनिधि मनोहर पोखरेलले सामाजिक सञ्जाल प्रयोग गर्ने कि प्रयोग हुने कुरामा सबैले विचार पुऱ्याउनु पर्ने बताए । सामाजिक सञ्जालप्रतिको आकर्षण र मोहले प्रयोगसँगै दुरुपयोगको क्रम बढेकोले जीवनलाई आक्रान्त पारेको भन्दै उनले नकारात्मक असरले सामाजिक र पारिवारिक विचलनसँगै व्यक्तिमा संवेगात्मक विचलन हावी भैरहेकोमा चिन्ता व्यक्त गरे ।

इन्टरनेट बिना बाँच्नै नसक्ने विश्व परिवेशमा सामाजिक सञ्जालमा आएका सामाग्रीमध्ये के हेर्ने, के पढने, के शेयर गर्ने र के लेख्ने भन्ने प्रश्न चेतनशील मानिसले स्वयम्सँग गरिरहनु पर्ने पोखरेलले बताए ।

बिद्यार्थीहरुले सूचनाको प्राविधिक पक्षको महत्व र सामाजिक सञ्जालले पार्ने सामाजिक प्रभाव र असरबारे छलफल गर्दै जिज्ञासाहरु राखे ।

मानव अधिकार निगरानी समूहका सचिव दिनानाथ यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा शिक्षक गिरीराज पौडेल र इन्सेक इएलपी परियोजनका सहजकर्ता दिपक यादवले नीतगत तथा व्यवहारिक सुधारबाट सामाजिक सञ्जालको दुरुपयोग रोक्न साझा पहल आवश्यक रहेको बताए ।

## पत्रकार महासंघकी उपाध्यक्ष दहाललाई पितृशोक

**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

नेपाल पत्रकार महासंघ शाखा सप्तरीकी महिला उपाध्यक्ष अम्बिका दहालका पिता दिपबहादुर दाहालको ९० वर्षको उमेरमा सोमबार निधन भएको छ ।

महासंघ सप्तरीका सचिव रामनारायण विश्वासद्वारा जारि शोक वक्तव्यमा उनको निधनप्रति गहिरो दुःख व्यक्त गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरिएको छ ।



सप्तरीको कञ्चनरुप नगरपालिका ११ स्थायी निवासी (हाल नागदह, काठमाडौं) मा बसोवास गर्दै आएका स्व. दहालको ३ छोरा, ४ छोरी, ११ नातिनातिना तथा ३ पनाती छन् ।

## सासु भत्ता बितरण कार्यमा ढिलाई भएकोप्रति ध्यानाकर्षण

**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

जनता प्रगतिशील पार्टी नेपालले सप्तरीको तिलाठी कोईलाडी गाँउपालिकामा सामाजिक सुरक्षा भत्ता वितरणमा ढिलाई भइरहेकोप्रति गम्भिर ध्यानाकर्षण भएको जनाएको छ ।

पार्टीका केन्द्रिय सदस्य हेमशंकर सिंहद्वारा मंगलबार जारि विज्ञप्तिमा जिल्लाको अधिकांश स्थानिय तहमा भत्ता वापतको दुई किस्ता रकम वितरण भइसकेको र तेस्रो किस्ता रकम वितरणको तयारी रहेको जनाउँदै तिलाठी कोईलाडी गाउँपालिकामा हाल सम्म एक किस्ता मात्र सामाजिक सुरक्षा भत्ता वितरण भएकोप्रति ध्यानाकर्षण गराएको छ ।

सोही विज्ञप्तिमा "जेष्ठ नागरिक, एकल महिला, फरक क्षमता भएका ब्यक्ति बालबालिका सहित सिमान्तकृत समुदायको सुरक्षाका लागि राज्यले उपलब्ध गराउदै आएको आर्थिक सहयोग गाउँपलिकाले समयमा बितरण नगर्दा जेष्ठ नागरिकहरुको औषधी उपचारमा समेत कठिनाई उत्पन्न हुने गरेको छ ।" उल्लेख छ ।

कुनै पनि बहानामा भत्ता वितरण कार्यमा ढिलाई नगरी समयमै सामाजिक सुरक्षा भत्ता वितरण गरी ती समुदायप्रति सम्मान प्रकट गर्न पार्टीले आग्रह गरेको छ ।

## निर्वाचन कल सेन्टर सञ्चालनमा

काठमाडौं, १५ चैत (रासस) ।

निर्वाचन आयोगले आगामी वैशाख ३० गते हुने स्थानीय तह निर्वाचनका लागि स्थापना गरिएको 'कल सेन्टर' मंगलबारदेखि औपचारिकरूपमा सञ्चालनमा ल्याइएको छ ।

निर्वाचनका सिलसिलामा नागरिक, मतदाता र सरोकारवालाको जिज्ञासा, गुनासो, उजुरी र प्रश्नलाई आयोगका तर्फबाट सम्बोधन गर्न उक्त कल सेन्टर सञ्चालनमा ल्याइएको हो ।

विगतमा ११ अङ्क नम्बर रहेको टोलफ्री सञ्चालनमा आएकामा सेवाग्राहीको हितलाई ध्यानमा राखेर आयोगले यस पटक चार अङ्कको टोल फ्रि नम्बर सञ्चालनमा ल्याएको छ । कल सेन्टरमा नौ जनाशक्ति खटाइएको छ । आगामी स्थानीय तहको निर्वाचनसँग जोडेर सेवाग्राहीका जिज्ञासा आउने क्रम पनि बढेको छ ।

निःशुल्क टोल फ्रि नम्बर ११०२ रहेको कल सेन्टर शुभारम्भ गर्दै प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले टेलिफोनमार्फत सेवाग्राहीले सोधेका जिज्ञासालाई सम्बोधन गर्नुभयो ।

प्रमुख निर्वाचन आयुक्त थपलियाले कल सेन्टरमा सेवाग्राहीबाट आउने जिज्ञासा र गुनासालाई शिष्ट भाषामा सम्बोधन गर्न निर्देशन दिनुभयो । निर्वाचनसँग सरोकार राख्ने व्यक्ति वा संस्थाले आफूलाई आवश्यक पर्ने तथ्यको तत्कालै जानकारी प्राप्त गर्न सकोस् भन्ने हेतुले आयोगले विगतदेखि नै निर्वाचनका बेला कल सेन्टर सञ्चालन गर्दैआएको हो ।

"सबै मतदाताले मतदानका विषयमा निःशुल्क र सरलरूपमा जानकारी प्राप्त गरुन र आफूले चाहेको उम्मेदवारलाई निर्भयपूर्वक मतदान गर्न सकुन भन्नेमा आयोगले विशेष ध्यान पुऱ्याउँदै आएको छ", उहाँले भन्नुभयो,"कलसेन्टर मतदाताको आकर्षणको निम्ति हो । सेन्टरमा जवाफ दिने भूमिकामा रहनुभएकाले पनि सुझबुझका साथ विनम्र भएर जवाफ दिनु होला ।"

आयोगका प्रवक्ता शालिग्राम शर्माले कल सेन्टरमा खटिएका कर्मचारीलाइ सेवाग्राहीबाट आउने जिज्ञासा र गुनासोलाई बुझिने भाषामा सरलरूपमा सम्बोधन गर्न सुझाव दिनुभयो ।

## सर्वोच्च अदालतको न्यायाधीशमा श्रेष्ठ नियुक्त

काठमाडौं, १५ चैत (रासस) ।

राष्ट्रपति विद्यादेवी भण्डारीले न्याय परिषद्को सिफारिसमा तिलप्रसाद श्रेष्ठलाई मंगलबार सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्नुभएको छ । श्रेष्ठ हालसम्म उच्च अदालत, विराटनगरका मुख्य न्यायाधीश हुनुहुन्थ्यो ।

नेपालको संविधानको धारा १२९ को २ बमोजिम श्रेष्ठलाई मंगलबार नियुक्त गरिएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ... ?**

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

# कागज उद्योग र कोरोगेटेड बक्स उद्योगीबीच किन बढ्यो विवाद ?

**रमेश लम्साल**
काठमाडौँ, १५ चैत (रासस)।

चाउचाउ, बिस्कुट, खाद्य पदार्थ तथा कार्गोमा प्रयोग हुने कोमल खालको कागज उत्पादनमा नेपाल आत्मनिर्भर भएपनि त्यससँग आश्रित उद्योग भने सधैँ कच्चा पदार्थको अभावमा सङ्कट झेल्नु परेको छ।

कच्चा तथा एक पटक प्रयोग भइसकेको कागज पेलेर बनाइने त्यस्ता कागज उत्पादनमा नेपालले ठूलो प्रगति गरेको भए पनि व्यावसायिक रूपमा स्वार्थ बाझिँदा कागज उत्पादक र कोरोगेटेड बक्स व्यवसायीका बीचमा विवाद देखा परेको छ। नेपालका कागज उत्पादक उद्योगले नेपाली व्यवसायीलाई भन्दा भारत निर्यात गर्दा बढी सुरक्षित ठानेका कारण आफूहरू समस्यामा परेको नेपाल कोरोगेटेड बक्स व्यवसायी सङ्घले गुनासो गरेको छ।

एकातिर बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव छ। चाहेको बेलामा कर्जा नपाउँदा समस्या भोगेको व्यवसायीले चाहेको कच्चापदार्थ नपाउँदा उस्तै जटिलता भोगेका छन्। लामो समयसम्म कोरोना कहरका कारण समस्यामा परेका व्यवसायी आवश्यकता अनुसार कच्चापदार्थ पाउन नसक्दा थप समस्यामा परेको नेपाल कोरोगेटेड बक्स व्यवसायी सङ्घका वरिष्ठ उपाध्यक्ष राजेश श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार राज्यका तर्फबाट पाउनुपर्ने सुविधा प्राप्त हुननसक्दा ठूलो समस्या परेको छ। कार्टुन तथा बक्स उत्पादन गर्दै आएका नेपाली व्यवसायीलाई भन्दा कागज उद्योगले भारत निकासी गर्दा बढी फाइदा हुने ठानेका कारण आफूहरूले कच्चापदार्थ नपाएको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ।

सरकारले सहजीकरण गर्ने ठाउँमा पनि उद्योगीले दुःख पाएको उहाँको भनाइ छ। विभिन्न छवटा कागज उद्योगले नेपालमा कागज उत्पादन गर्दै आएका छन्। मारुती पेपर मिल, अरिहन्त पेपर मिल, सनराइज पेपर मिल, क्वालिटी पेपर मिल, अरविन्द पेपर मिल र लुम्बिनी पेपर मिलले कागज उत्पादन गर्छन्। विशेष गरी एक पटक प्रयोग भइसकेको कागजबाट उत्पादन हुने कोरोगेटेड कागजको माग नेपालमा बढी छ। विभिन्न विद्युतीय सामग्री, कार्गो सामानमा प्रयोग हुने कागजदेखि ल्यापटप, मोबाइलसम्मका प्रयोग हुने कागज नेपालमा नै उत्पादन हुन्छ।

नेपालका लागि आवश्यक कच्चापदार्थ यहीँका उपलब्ध छ। नेपालभित्रै सङ्कलन हुने पुरानो कागजको अनाधिकृत चोरी निकासी पनि जारी छ। सस्तो मूल्यमा ठूलो मात्रामा निकासी भइरहेको कागजात नेपाल कोरोगेटेड बक्स व्यवसायी सङ्घको पहलमा रोकिएको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ। "विभिन्न बाहाना वा बिचौलियाले कमाउन भन्ने चाहानाले गर्दा नेपालको रिसाइकिल कच्चापदार्थ चोरी निकासी गरी सस्तो मूल्यमा भारत निर्यात हने गरेको छ", उहाँले भन्नुभयो।

भारत पुग्ने कच्चा कागज प्रशोधन भएपछि पुनः महँगो मूल्यमा भारतबाट भन्सार तिरेर पुनःनेपाल भित्र्याउनु परेको छ। नेपालबाट चोरी निकासी हुने कच्चा कागजको निकासी रोकिएको भए पनि सरकारले भन्सार नाकामा थप कडाइ गर्नु आवश्यक रहेको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ। बक्स तथा कार्टुन उद्योगले प्रत्यक्ष रूपमा १५ हजारलाई देशभित्रै रोजगारी दिएको छ। सो उद्योगमा झण्डै रु सात अर्ब बराबरको लगानी भएको छ। देशभित्र १५० वटा जस्ता यस्ता उद्योग सञ्चालनमा छन्। त्यसमध्ये दुई दर्जन बढी उद्योग काठमाडौँ उपत्यकामा मात्रै सञ्चालनमा छन्। उद्योगले ठूलो मात्रामा राजस्वसमेत सरकारलाई बुझाइरहेको छ।

कच्चा कागत सङ्कलन गर्नेले प्रतिकिलो रु चारदेखि रु पाँचमा स्रोतबाट खरिद गरेर ल्याउने कागज तथा काठमाडौँ उपत्यकामा सङ्कलन हुने फोहरबाट नै अत्यावश्यक कागज बन्न पुग्छ। नेपालका कागज उद्योगमा आश्रित रहेका बक्स तथा कार्टुन उद्योगलाई राज्यले पनि संरक्षण गर्नुपर्ने वरिष्ठ उपाध्यक्ष श्रेष्ठको आग्रह छ। पछिल्लो एक महिनादेखि आफूहरूले समस्या भोग्नु परेको र समाधानका लागि कोही कसैले पनि पहल नगरेको उहाँको गुनासो छ। कुल १०० देखि १८० ग्रामका कार्टुन तथा बक्स उत्पादन गर्ने उद्योगले नेपालका लागि आवश्यकपर्ने कागज उत्पादन गर्छ। एउटा बक्स वा कार्टुनमा प्रयोग हुने कागजको मूल्य न्यूनतम रु २० देखि अधिकतम रु १५० सम्म पर्न जान्छ। आफूहरूले नेपालमा उत्पादन हुने कागजको उपभोग नेपालमा नै आओस् भन्ने अपेक्षामा रहेपनि त्यसको सुनुवाइ नभएको जानकारी दिँदै श्रेष्ठले भारतबाट कच्चापदार्थ आयात गरेर उद्योग चलाउन नसकिने अवस्था आएको जानकारी दिनुभयो।

दक्षिण एशियाली क्षेत्रीय सहयोग सङ्गठन मातहत रहेको साफ्टा सुविधाको उपयोग गर्दै नेपालका कागज उद्योगले बक्स तथा कार्टुन उद्योगलाई सामान नदिई भारत निकासी गर्ने गरेका छन्। आफूहरूले नेपालमा नै सामान खपत हुने अवस्था रहँदा रहँदै भारत निकासी नगर्न आग्रह गरेपनि त्यसको सुनुवाइ नहुँदा उद्योग सञ्चालन गर्न समस्या भएको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ। त्यसो त बक्स तथा कार्टुन उद्योगमा प्रयोग हुने कागजको मूल्यसमेत अत्याधिक मूल्य वृद्धि भएको छ। दुई वर्ष पहिले प्रतिकिलो रु ३७ मा पाइने कागज हाल न्यूनतम रु ६५ बराबर पुगेको छ। बैंक ऋणमा चलेका व्यवसायलाई ब्याजले चाप्दै गएको हुन्छ। चर्को ब्याजमा ऋण लिएर सञ्चालन गरेका उद्योगले बैंकको ऋण घटाउन सक्ने स्थिति भने छैन। व्यवसाय सञ्चालनलाई राज्यले सस्तो ब्याज उपलब्ध गराउने व्यवस्था लागू गर्न आवश्यक रहेको वरिष्ठ उपाध्यक्ष श्रेष्ठको भनाइ छ।

पछिल्लो दुई दशकदेखि कार्टुन बक्स उद्योग सञ्चालन गर्दै आएका सफल व्यवसायीसमेत अहिले सङ्कट झेल्न बाध्य भएको उनीहरूको भनाइ छ। ठूलो मात्रामा कार्टुन खपत गर्ने उद्योगमासमेत अहिले थोरै कार्टुन खपत हुने अवस्था छ। कोरोनाका कारण परेको सङ्कट सहज बन्दै गएको भए पनि पछिल्लो पटक तरलता सङ्कटले झनै समस्या पारेको छ। नाम चलेका उद्योगले तरलता सहज हुँदा नगदमा कारोबार गर्दै आएको भए पनि हाल उधारोमा कारोबार गर्न बाध्य छन्। करोडौँ लगानी भएको उद्योग सजिलै छाड्न पनि नसकिने, चलाउन पनि नसकिने अवस्थामा पुगेको छ। घाटाको व्यापार गर्दा आफूहरू कागज कार्टुन बक्स व्यापारबाट पलायन हुने अवस्थामा पुगेका छन्।

उद्योगमैत्री ऐन तथा कानुन निर्माण हुनुपर्नेमा जोड दिँदै उहाँले हेर्दा सानो देखिए पनि उद्योग सञ्चालन गर्न सहज नभएको उद्योगीको भनाइ छ। चम्पादेवी प्रिन्टिङ एण्ड प्याकेजिङ उद्योग सञ्चालन गर्दै आएका भीमबहादुर खत्री, दर्पण पिन्टिङ एण्ड प्याकेजिङ उद्योगका सञ्चालक राजु पोखरेलको गुनासो पनि श्रेष्ठको जस्तै छ। देशभित्र कागज नपाउने हो भने बाहिरबाट आयात गर्दा लाग्ने भन्सारलगायतका शुल्क छुट हुनुपर्ने उनीहरूको भनाइ छ। बजारमा एकातिर कच्चापदार्थको अभाव छ भने अर्कोतर्फ अस्वस्थ प्रतिस्पर्धा, तरलताको सङ्कटका कारण आफूहरू समस्यामा परेको उनीहरूको गुनासो छ।

नेपाल भारतमा हुने फोहरजन्य कागजको निकासीमा रोकथाम र अनाधिकृत रूपमा हुने निकासीमा पूर्ण रूपमा प्रतिबन्ध लगाउनुपर्ने उनीहरूको कथन छ। यसबारेमा जानकारी लिन कागज उद्योगका सञ्चालकसँग पटक-पटक सम्पर्कको प्रयास गर्दासमेत उनीहरू उपलब्ध हुन सकेनन्।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No.: 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569



## आइगलग्गी सँ बचबाक लेल स्थानीय विपद जोखिम न्यूनिकरण समितिके सर्वसाधारणमें अनुरोध

असावधानी के कारण हरेक बर्ष सप्तरी जिला मे आइगलग्गी सँ जान आ माल के क्षति भ रहल छैक। आइगलग्गी सँ असामयीक मृत्यु सेहो भ सकैत अछि, तैं आइगलग्गी के रोकथाम के लेल निम्न उपाय सब अपनाउ आ आइगलग्गी सँ बचु आ बचाऊ।

- गाम घर मे घुर के कारण बेसी आइगलग्गी होयत छैक, तैं अनावश्यक घुर नै करु, घुर के आइग के नीक जकाँ मिझा क/बुता क सुतु आ घुर सँ आइग नहि लागय तै प्रति सब गोटे सजग आ सतर्क रहु।
- चुल्हाक आइग नीक सँ मिझाउ/बुताउ, चुल्हा पर खाना बनबैत काल पाईन चुल्हा के लग मे जरुर राखल करु।
- बौवा बुच्चीके आइग सँ दूर राखु।
- हवा बसात के समय मे आइग नै पजारु। सकभर भोरे खाना बनाउ आ हवा बसात कम भेलाक बादे खाना बनाउ।
- बिडी, सिगरेट पी क जथाभावी नै फेकु।
- चुल्हाके आइग बारी मे रहल छाउरक ढेरी पर मिझा क/बुता क मात्रै फेकल करु।
- बच्चा, वृद्ध, अपाङ्ग, गर्भवति आ सुत्केरी महिला सभ आइगक चपेट मे जल्दी पइर सकैत अछि तैं हिनका सबके आइगलग्गी सँ बचयबाक लेल सब गोटे सतर्क रही।
- जौं कतौ आइगलग्गी भ जाय त खाली हाथ नै जाक कमसेकम बाल्टिन या घैला मे पाइन ल क दौरु आ अविलम्ब आइग मिझाब/बुताब मे एक दोसर के सहयोग करु।
- जौं कतौ आइगलग्गी भ जाय त बारुणयन्त्र के तुरन्त खबर करु।
- भोर के ९ बजे तक खाना पकाक चुल्हा के आइगकै नीक जकाँ मिझाउ/बुताउ।
- खाना पकाब काल खर पातके प्रयोग केला पर आइगलग्गी भ सकैय तै के लेल पूरे सावधानी अपनाउ आ चुल्हाके नजदिक मे एक गोटे अनिवार्य रहल करी।
- दुपहरके समयमे हावा बेसी चलैके कारण भोर ९ बजे के बाद चुल्हा नै पजारु।
- घरके नजदिक मे थ्रेसर सञ्चालन नै क के घरसँ दूर या खेतमे सञ्चालन करु।
- सलाई, लाइटर, मट्टितेल लगायतके अन्य पेट्रोलियम पदार्थ बालबच्चा के पहुँच सँ दूर राखल जाउ।
- घरमे एक बाल्टीन पाइन २४से घण्टा राखल करी
- गोहालीमे घुर पजारैतकाल सावधानी अपनाउ।
- घरके कोनो सहज ठाममे २/४ बोरा बालु राखु जैस कहिँ कतौ आइगलग्गी भेला पर मिझाब मे/बुताब मे सहयोग हैतै।
- घर आ गोहालीमे लगायल टाट के नीक जकाँ माइट सँ दुनु दिस लेवा लगाउ।
- आइग सँ हुअ बाला जोखिम आ धनजनके क्षति के बारेमे परिवारके सदस्य सबके जानकारी कराक सजग आ सतर्कता अपनाउ।
- गाम घरमे बारुणयन्त्र आब बाला रस्ता बाट खुल्ला राखु आ बारुणयन्त्रके पोखइर सँ पाइन भर मे आ आइगलग्गी नियन्त्रण करबा मे सहयोग करी
- गामके पोखइरमे पाइन सञ्चित क के राखु।
- कहीं कतौ आइगलग्गी भेला पर नजदिकके प्रहरी चौकी या जिल्ला प्रहरी कार्यालयके कन्ट्रोलके नम्बर ९८५२८९०२७० या १०० नम्बरमे जानकारी कराउ।
- ककरो जान या सम्पत्तिमे आइग लगेनाई अपराध छियै तैं एहेन काममे सहभागी नै होउ।

अनुरोधकर्ता
तिलाठी कोइलाडी गाउँपालिका, सप्तरी

# महोत्तरीका बहालवाला सबै स्थानीय तहका प्रमुख तथा अध्यक्षले चुनाव लड्दै

जलेश्वर, १५ चैत (रासस) ।

आसन्न स्थानीय तहको निर्वाचनमा महोत्तरीका बहालवाला सबै स्थानीय तहका प्रमुख तथा अध्यक्षले पुनः भाग लिने भएका छन् ।

दश नगरपालिका र पाँच गाउँपालिका रहेको महोत्तरीमा विभिन्न राजनीतिक दलबाट निर्वाचित भएका प्रमुख तथा अध्यक्षले पुनः स्थानीय तहको निर्वाचनमा भाग लिने तयारी गरिरहेको बताइएको छ । सरकारले आगामी वैशाख ३० गते स्थानीय तहको निर्वाचन मिति घोषणा गरेको हो ।

जिल्लाको १५ स्थानीय तहमध्ये छ वटामा लोसपा नेपाल, चारमा ( नेकपा माओवादी) केन्द्र, तीनमा नेपाली कांग्रेस र एउटा/एउटामा नेकपा एमाले एवम् जसपा नेपालका प्रमुख तथा अध्यक्ष निर्वाचित भएका छन् । स्थानीय तहको निर्वाचन-२०७४ मा लोसपाबाट जलेश्वर नगरपालिकाका प्रमुखमा रामशङ्कर मिश्र, मटिहानी नगरपालिकाका प्रमुखमा हरिप्रसाद मण्डल, मनरासिस्वा नगरपालिकाका प्रमुखमा सञ्जयकुमार सिंह, भङ्गहा नगरपालिकाका प्रमुखमा सञ्जीवकुमार साह, एकरडा गाउँपालिकाका अध्यक्षमा रामछविला साह र महोत्तरी गाउँपालिकाका अध्यक्षमा सुनिलकुमार राय निर्वाचित भएको थियो । आसन्न स्थानीय तहको निर्वाचनमा पनि उनीहरूलाई पार्टीले पुनः उम्मेदवार बनाउने तयारी गरेको लोसपा महोत्तरीले जनाएको छ ।

त्यस्तै स्थानीय तहको निर्वाचन-२०७४ मा नेकपा माओवादी केन्द्रबाट बर्दिबास नगरपालिका, गौशाला नगरपालिका र रामगोपालपुर नगरपालिकाको प्रमुखमा क्रमशः विदुरकुमार कार्की, शिवनाथ महतो र अशोककुमार मण्डल निर्वाचित भएको थियो । उनीहरू पनि आसन्न स्थानीय तहको निर्वाचनमा सो पार्टीका तर्फबाट पुनः प्रमुख पदमा उम्मेदवारी दिने तयारी गरेको बताइएको छ । यसैगरी स्थानीय तहको निर्वाचन-२०७४ मा नेकपा माओवादी केन्द्रबाट सम्सी गाउँपालिकाका अध्यक्षमा निर्वाचित शेष फारुख अहिले नेकपा एमालेमा प्रवेश गरेको छ । आसन्न स्थानीय तहको निर्वाचनमा उहाँले एमालेबाट अध्यक्ष पदमा उम्मेदवारी दिइने लगभग निश्चित भएको बताइएको छ ।

यसैगरी स्थानीय तहको निर्वाचन-२०७४ मा नेपाली कांग्रेसबाट जिल्लाको बलवा, लोहारपट्टी र औरही नगरपालिकाका प्रमुखमा क्रमशः विनोदकुमार यादव, शैलेन्द्र यादव र सुनिलकुमार यादव निर्वाचित हुनुभएको थियो । आसन्न निर्वाचनमा उहाँहरू पुनः सोही पार्टीबाट सोही पदमा उम्मेदवारी दिने तयारी भइरहेको चर्चा छ । त्यस्तै गत निर्वाचनमा जसपा नेपालबाट सोनमा गाउँपालिकाका अध्यक्षमा निर्वाचित राजकुमार यादव र नेकपा एमालेबाट पिपरा

*बाँकी अन्तिम पृष्ठमा*

## भूमि सुधार तथा मालपोत कार्यालय, राजविराज

### सप्तरी

मिति :- २०७८/११/१३

### ३५ दिने हकदाबी सम्बन्धी सार्वजनिक सूचना

**बाबुजी कपल गुजाई समेत** दर्ता रहेको साविक **बभनगामाकट्टी** मौजा रै.नं. **तिलाठी कोइलाडी** हाल तपसिल बमोजिम नापी भएको जग्गा **मो. श्रेस्ता कायम** गरी प्रमाण-पूर्जा पाउँ भन्ने गा.वि.स./न.पा. **तिलाठी कोइलाडी** वार्ड नं. ४ बस्ने **उमेश यादव** को द.न. **३५६९** मिति **२०७८/५/११** मा निवेदन परी **३५ दिने** सार्वजनिक सूचना प्रकाशित गर्ने मिति **२०७८/१२/१३** मा आदेश भए अनुरुप यो **३५** दिने सूचना प्रकाशित गरिएको छ । तपसिलमा उल्लेखित जग्गामा निवेदक बाहेक अरु कसैको हक लाग्ने भए वा निवेदकको नाममा जग्गा दर्ता/नामसारी/नाम थर वतन संशोधन गर्दा कसैको हक जाने छ भने सूचना प्रकाशित भएको मितिले **३५** दिन भित्रमा सप्रमाण यस कार्यालयमा आई उजुरी गर्नुहोला । म्याद भित्र कसैको दावीउजुरी पर्न नआएमा निवेदकको माँग दाबी बमोजिम **मो. श्रेस्ता कायम** गर्ने तर्फ कानून बमोजिम कार्यवाही भै जानेछ । यस सम्बन्धमा पछि कुनै पनि उजुर दाबी नलाग्ने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

**तपसिल**

| गा.वि.स./न.पा. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | साविक दर्तावाला | कैफियत |
|---|---|---|---|---|---|
| **बभनगमाकट्टी** | ४ | ४२८ | ०-०-६ | | |

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
राजगढ गाउँपालिका, सप्तरी


**डा. आदर्श कुमार सिंह**

**Dr. Adarsh Kumar Singh**



MBBS, MD TU
NMC Reg. No. : 9413

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**



MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**

गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी

**Phone :** 031-533774 / **Mo. No** : 9819721526, 9852820734


## विश्व समाचार

### जापानले कम्पनीहरूलाई रुबलमा कारोबार नगर्न आग्रह गर्ने

टोकियो (जापान) १५ चैत, (रासस-एएनआई/स्पुतनिक) ।

जापानी सरकारले रूसी तरल प्राकृतिक ग्यास (एलएनजी) को लागि रुबलमा कारोबार नगर्न कम्पनीहरूलाई आग्रह गरिरहेको मुख्य क्याबिनेट सचिव हिरोकाजु मात्सुनोले पत्रकारहरूलाई बताएका छन् ।

"अहिलेसम्म त्यस किसिमको कारोबार गर्ने बारे सूचनाहरू छैनन् ताकि जापानी कम्पनीहरूसँग रूसबाट एलएनजीको आपूर्तिको लागि विद्यमान सम्झौताहरू रूबलमा रूपान्तरणको आवश्यकतामा पर्नेछ। यद्यपि त्यस्ता मागहरू प्राप्त भएमा जापानी सरकारले कम्पनीहरूलाई रुबलमा कारोबार गर्न सहमत नहुन आग्रह गर्न चाहन्छ", उनले भने । जारी रुस युक्रेन द्वन्द्वले गर्दा रुस आफ्नै मुद्रालाई अन्तरराष्ट्रिय मुद्राको रूपमा प्रयोग गर्न चाहिरहेको छ ।

### युक्रेन र रुसबीच नयाँ चरणको शान्ति वार्ता हुँदै

किभ (युक्रेन), १५ चैत (रासस-एएनआई/सिन्ह्वा) ।

युक्रेन र रुसले मङ्गलबार टर्कीको इस्तानबुल शहरमा अर्को चरणको शान्ति वार्ता शुरु गर्ने युक्रेनी सरकारद्वारा सञ्चालित युक्रेनफर्म समाचार एजेन्सीले सोमबार जनाएको छ । स्थानीय समय अनुसार बिहान १०:३० बजे (०७३० GMT) शुरु हुने वार्ता अघि युक्रेनी र रुसी प्रतिनिधिमण्डलका सदस्यहरूले टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानसँग भेट गर्ने कार्यक्रम तय भएको पनि जनाइएको छ । यसअघि सोमबार युक्रेनका विदेशमन्त्री दिमित्रो कुलेबाले टर्कीका विदेशमन्त्री मेभलुत काभुसोग्लुसँग टेलिफोन वार्ता गरेका थिए र बैठकको आयोजना गरेकामा टर्कीको प्रशंसा समेत गरेका थिए ।

"मलाई आशा छ टर्कीको मध्यस्थतामा जारी वार्ताहरूले युक्रेनको शान्ति र हाम्रो सुरक्षाको हितमा परिणाम ल्याउनेछन्," कुलेबाले ट्वीट गरेका छन् । रुसी प्रतिनिधिमण्डल सोमबार इस्तानबुल आइपुगेको समाचारमा उल्लेख छ । युक्रेनी र रुसी प्रतिनिधिमण्डलहरूले प्रत्यक्ष वार्ताको तीन चरणहरू पार गरेका छन् भने चौथो चरण भिडियो मार्फत भएको थियो ।

### धेरै सवारी साधन एकै ठाउँमा दुर्घटना हुँदा अमेरिकामा तीनको मृत्यु

वासिङ्टन, १५ चैत (रासस/सिन्ह्वा) ।

अमेरिकाको अन्तर राज्य राजमार्गमा धेरै सवारी सवारी एकै ठाउँमा दुर्घटनामा हुँदा कम्तीमा तीनजनाको मृत्यु भएको छ । देशको पेन्सिलभेनियामा सोमबार भएको दुर्घटनामा परी उनीहरूको मृत्यु भएको अधिकारीहरूले जानकारी दिएका छन् । स्थानीय समयअनुसार बिहान १०:३० बजे दुर्घटना भएको हो । दुर्घटनामा कार, ट्रक, ट्र्याक्टर लगायतका झण्डै ६० सवारी साधन परेका थिए । हिउँ आँधीका कारण दुर्घटना भएको अधिकारीहरूले जनाएका छन् । दुर्घटनामा परी अरु २० जना घाइते भएको र उनीहरूको स्थानीय अस्पतालमा उपचार भइरहेको जनाइएको छ ।

### छात्रालाई विद्यालय जान दिन तालिवान सरकारसँग युरोपेली संघको माग

ब्रसेल्स, १५ चैत (रासस/एएनआई) ।

छात्रालाई विद्यालय जान पाउने व्यवस्था गर्न युरोपेली संघले अफगानिस्तानको तालिवान सरकारसँग माग गरेको छ । महिलालाई विद्यालय जान दिने तालिवान सरकारको यसअघिको निर्णय तत्काल कार्यान्वयन गर्न माग पनि संघले गरेको छ ।

तालिवान सरकारले यही मार्च २३ देखि छात्रालाई पनि विद्यालय जान दिने निर्णय गरेकोमा निर्णय कार्यान्वयन हुनु केही घण्टा अगाडि निर्णय कार्यान्वयन नगर्ने निर्णय गरेको थियो । छात्रालाई विद्यालय जान दिने तालिवान सरकारको निर्णयबाट खुशी भएकाहरू अहिले निराश भएका छन् ।

उनीहरूले निर्णय कार्यान्वयन गर्न माग गर्दै विद्यालय जान पाउनु महिलाको आधारभूत अधिकार भएकाले मानवअधिकार नखोस्न आग्रह गरेका छन् । अफगानिस्तानमा तत्कालीन विद्रोहीले सत्ता कब्जा गरेदेखि नै महिलालाई विद्यालय, रोजगरी र सार्वजनिक स्थलमा जान नदिने नीति लिएको छ ।

तालिवान सरकारले आधारभूत मानवअधिकार पनि खोसेको भन्दै विश्वका धेरै देशले सहयोग रोक्का गर्दै सहकार्यका लागि आशंका व्यक्त गर्दै आएका छन् । उनीहरूले मानवअधिकार र लोकतान्त्रीक पद्धतिको सम्मान गरेमा मात्रै सहकार्य हुन सक्ने र सहयोग प्रदान गर्न सकिने अडान राख्दै आएका छन् ।

अन्तर्राष्ट्रिय समुदायको चासो र अडानप्रति तालिवान सरकारका उच्च अधिकारीहरूले सहमति जनाउने गरेका छन् । उनीहरूले आधारभूत मानवअधिकार नखोसिने र अन्तर्राष्ट्रिय समुदायको चासोको सम्बोधन गरिने प्रतिवद्धता पनि जनाउने गरेका छन् ।

# सप्तरी प्रिमियर लिगको फाइनलमा तिलाठी कोइलाडी र टिभीएस किंग्स राजविराज भिड्दै



**दैनिक समाचारदाता**
**राजविराज, १५ चैत ।**

राजविराजमा जारि मेयर कप सप्तरी प्रिमियर लिग क्रिकेट प्रतियोगिता अन्तरगत चौथो संस्करणको फाइनल खेल तिलाठी कोइलाडी जायन्टस् र टिभीएस किंग्स राजविराजबीच हुने भएको छ ।

मंगलबार सम्पन्न खेलमा राजविराज ब्रदर्शलाई पराजित गर्दै सुनिल धमला कप्तानीको तिलाठी कोइलाडी जायन्ट्स राजविराज मेयर कप सप्तरी प्रिमियर लिगको चौंथो संस्करणको फाइनलमा पुगेको हो ।

बुधबार हुने फाइनलमा उपाधिको लागि जायन्ट्सले टिभीएस किंग्स राजविराजसंग प्रतिस्पर्धा गर्नेछ । राजविराज द किंग र तिलाठी कोइलाडी जायन्ट्स जायन्ट्सले लिग चरणमा ४ खेल खेल्दा समान ३ जित र १ हार बेहोर्दै ६/६ अंक बटुले । लिग चरणको समाप्तिमा टिभीएस किंग्स राजविराज, बजाज खडक वारियर्स र राजविराज ब्रदर्श क्रमश: तेश्रो, चौंथो र पाँचौ स्थानमा रहे ।

राजविराजस्थित राज रंगशालामा मंगलबार सम्पन्न खेलमा तिलाठी कोइलाडीले दिएको १ सय ३६ रनको लक्ष्य पछ्याएको राजविराज ब्रदर्शले १८.२ ओभरमा १०५ रन मात्र बनायो । ब्रदर्शको लागि निरज कुमार यादव र सोनु तामाङले समान २४/२४ तथा विकास दासले १६ रन योगदान दिए ।

तिलाठी कोइलाडीको बलिङमा योगेन्द्र सिंह कार्कीले सर्वाधिक ४ विकेट लिए । जुनक्रममा ४ ओभरमा ३२ रन खर्चिए । यस्तै सुनिल धमलाले ४ ओभरमा १६ रन खर्चेर ३ विकेट लिए । यस्तै भुवन कार्कीले २ तथा रोहन विश्वकर्माले १ विकेट लिए ।

टस जितेर ब्याटिङ गरेको तिलाठी कोइलाडी जायन्ट्सले २० ओभरमा ८ विकेट क्षतीमा १ सय ३५ रन बनाएको थियो ।

जायन्ट्सको लागि बिकाश दासले सर्वाधिक ५४ रन बनाए । जुनक्रममा ४० बलमा ४ चौका र ३ छक्का प्रहार गरे । अविशेक कार्कीले २४ र सुनिल धमलाले २० रन योगदान दिए । ६९ रनमा ७ विकेट गुमेको अवस्थामा विकासले आठौं विकेटको लागि अविशेकसंग ६२ रनको साझेदारी गरे ।

राजविराज ब्रदर्शका बलर दिपेश कंडेलले सर्वाधिक ४ विकेट लिए जुनक्रममा ४ ओभरमा १२ रन खर्चिए । विक्रमधोज कार्की र प्रशान्त सिंहले २/२ विकेट लिए । खेलको प्लेयर अफ द म्याच बिजयी टोलीका बिकाश दास घोषित भए ।

सप्तरी क्रिकेट संघद्वारा आयोजित प्रतियोगिताको विजेताले तिन लाख तथा उपविजेताले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् ।

## *महोत्तरीका बहालवाला...*

गाउँपालिकाका अध्यक्ष पदमा निर्वाचित विक्रम चौधरीले पनि आसन्न स्थानीय तहको निर्वाचनमा सोही पदमा उम्मेदवारी दिइने बताइएको छ ।

पिपरा गा.पा.मा २०७४ मा लोसपा नेपालकै विनोदकुमार चौधरी निर्वाचित हुनुभएकोमा उहाँको कार्यकाल नसकिँदै मृत्यु भएपछि २०७६ भएको उपनिर्वाचनमा तत्कालीन (नेकपा माओवादी केन्द्र र नेकपा एमाले) मिलेर बनेको नेकपा एकीकृतबाट विक्रम चौधरी निर्वाचित भएका थिए । उहाँ अहिले नेकपा एमालेबाट उम्मेदवार बन्ने चर्चा छ ।

आसन्न स्थानीय तहको निर्वाचनका लागि महोत्तरी जिल्लामा तीन लाख ३६ हजार ९५ मतदाता, २५८ मतदानस्थल र ४९७ मतदान केन्द्र कायम भएको छ । सबैभन्दा बढी बर्दिबास नगरपालिकामा २८ मतदानस्थल, ५८ मतदान केन्द्र र ४४ हजार ४६० मतदाता रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । त्यस्तै सबैभन्दा कम जिल्लाको महोत्तरी गाउँपालिकामा १२ मतदानस्थल, २२ मतदान केन्द्र र १७ हजार ४३६ मतदाता रहेको जिल्ला निर्वाचन अधिकारी सुवोधकुमार महतोले जानकारी दिनुभयो ।

# थप ४२ जनामा कोरोना संक्रमण

काठमाडौँ, १५ चैत (रासस) ।

कोरोना भाइरसको सङ्क्रमण घट्दै गएको छ । पछिल्लो २४ घण्टामा थप ४२ जनामा कोरोना सङ्क्रमण पुष्टि भएको छ ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार सो अवधिमा पाँच हजार ४७१ जनाको कोरोना परीक्षण गरिएको थियो । हाल सक्रिय सङ्क्रमितको सङ्ख्या एक हजार १९८ रहेको छ । पछिल्लो २४ घण्टामा ८६ जना कोरोनाबाट मुक्त भएका छन् । योसँगै निको हुनेको सङ्ख्या नौ लाख ६५ हजार २२८ पुगेको छ । निको हुने दर ९८ दशमलव सात प्रतिशत छ ।

पछिल्लो २४ घण्टामा कोरोनाबाट कोहीको पनि मृत्यु भएको छैन ।

# शनिबारदेखि चल्ने भयो जनकपुरमा रेल

काठमाडौँ, १५ चैत (रासस) ।

निर्माण सम्पन्न भएको लामो समयसम्म पनि सञ्चालनमा आउन नसकेको जनकपुर-जयनगर रेलमार्गको यही चैत १९ गते शनिबार उद्घाटन हुने भएको छ । प्रधानमन्त्री शेरबहादुर देउवा र उहाँका भारतीय समकक्षी नरेन्द्र मोदीले संयुक्तरूपमा सो रेलमार्गको उद्घाटन गर्ने कार्यक्रम तय भएको भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जनाएको छ ।

दुवै देशका प्रधानमन्त्रीले नयाँ दिल्लीबाट संयुक्तरूपमा श्रव्यदृश्यका माध्यमबाट रेल सवाको उद्घाटन गर्न लाग्नुभएको मन्त्रालयले जनाएको छ । जनकपुरमा आयोजना हुने कार्यक्रममा भने भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणुकुमारी यादवको प्रमुख आथित्यता रहने रेल विभागका महानिर्देशक दीपकुमार भट्टराईले जानकारी दिनुभयो । रेल सञ्चालनका लागि सरकारले यही चैत ८ गते अध्यादेशमार्फत आवश्यक कानूनी प्रबन्ध गरेको छ । विसं २०७५ मा नै रेलमार्ग निर्माण सकिएको भए पनि कानूनी तथा प्राविधिक जटिलताका कारण लामो समयसम्म रेल सञ्चालनको मिति तय हुन सकेको थिएन । कूल ३५ किलोमिटर लामो सो रेलमार्गमा चल्ने रेलका अन्तरदेशीय प्रकृतिको ब्रोडगेज हो ।

मन्त्रालयका अनुसार २०७७ असोज पहिलो साता जनकपुर आइपुगेको रेल सञ्चालन गर्नेबारेमा यसअघि ठोस निर्णय हुन सकेको थिएन । सरकारले सबै करसहित रु एक अर्ब तीन करोड बराबर खर्च गरेको रेल सञ्चालनमा नआउँदा रेलका लिकमा राखिएका सामानसमेत चोरी भएका थिए ।

जनकपुरमा रेल आइपुगेको १७ महिनापछि सञ्चालन हुन लागेको हो । सरकारले रेलको भाडासमेत तय गरेको छ । सामान्य सिटमा यात्रा गर्नेलाई रु ७० र वातानुकूलित (एसी) सिटमा यात्रा गर्नेलाई रु ३०० बराबरको भाडा लाग्ने गरी दुई प्रकारको भाडा तय भएको छ । यस्तै रेल दुर्घटनमा परी कोही कसैको ज्यान गएको खण्डमा रु सात लाखसम्म क्षतिपूर्ति दिइने व्यवस्थासमेत रेल्वे अध्यादेशमा गरिएको छ । गत फागुनदेखि नै दैनिक एक पटक रेल सञ्चालन गरिँदै आएको थियो । सबै प्राविधिक तयारी पूरा भएको र कर्मचारीसमेत नियुक्त भई काममा खटिइसकेको नेपाल रेल्वे कम्पनीले जनाएको छ ।

# मोटरसाइकल दुर्घटनामा चार बालकको मृत्यु, एक घाइते

जनकपुर, १५ चैत (रासस) ।

धनुषाको सबैलामा सोमबारराति भएको मोटरसाइकल दुर्घटनामा चार बालकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

सबैला नगरपालिका-१२ बरकुर्वामा राति ८:३० बजेतिर ज६प ६७३९ नंको मोटरसाइकल आफैँ अनियन्त्रित भई दुर्घटना हुँदा मोटरसाइकलमा सवार पाँचमध्ये चार जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिनुभयो ।

दुर्घटनामा परी सबैला नगरपालिका-२ निवासी १५ वर्षीय राहुल यादव, १२ वर्षीय लक्ष्मी यादव, बौका भनिने विकास यादव र १४ वर्षीय सुमित यादव रहेको प्रहरीले जनाएको छ । दुर्घटनामा परी गम्भीर भएका घाइतेलाई उद्धार गरी उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पुऱ्याए पनि चार जनाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक बस्नेतले बताउनुभयो ।

सोही दुर्घटनामा सबैला-२ निवासी १९ वर्षीय सुरेन्द्र यादव पनि घाइते भएको र उहाँको प्रादेशिक अस्पतालमै उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटनाको कारण खुल्न नसकेको र घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक बस्नेतले बताउनुभयो ।

ट्राफिक नियमको पालना गरौं।

- बाटो काट्दा जेब्रा क्रसिंगको प्रयोग गरौं ।
- सडक बत्ति हेरेर मात्र बाटो काटौं ।
- सडक तथा सडक किनारामा सवारी साधन जथाभावी पार्किङ्ग नगरौं ।
- तोकिएको स्थानमा मात्र सवारी साधन पार्किङ्ग गरौं ।
- पैदलयात्रीले फुटपाथ तथा आकासे पुलको प्रयोग गरौं ।

सडक दुर्घटनाबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit
CITY EXPRESS Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*